जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८० मङ्सिर २५ गते

## महिला तथा बालिकाविरुद्ध भएका हिंसासम्बन्धी घटनाको अध्ययन प्रतिवेदन

(नोभेम्बर २५ देखि डिसेम्बर १०, २०२३)

नेपालमा यस वर्ष **लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता** भन्ने नाराका महिला हिंसाविरुद्धको १६ दिने अभियान मनाइयो । सन् १९६० मा डोमिनिकन गणतन्त्रका तीन दिदीबहिनी पेट्रिया, मिनर्भा र मारियालाई त्यहाँको त्रुजिलो तानाशाही सरकारले निर्मम हत्या गरेको थियो । उनीहरूको सम्मान र सम्झनाका लागि १६ दिवसीय अभियान मनाउन थालिएको हो । उक्त हत्यालाई लिङ्गका आधारमा हुने राजनीतिक हिंसाको रूपमा लिने गरिन्छ। सन् १९९९ डिसेम्बर १७ तारिखमा संयुक्त राष्ट्रसंघले महिलामाथि हुने हिंसा विरुद्धको दिवसको रुपमा नोभेम्बर २५ लाई मनाउन थालेपछि १६ दिवसीय अभियानले निरन्तरता पाएको हो । नेपालमा यस अभियानको थालनी सन् २००४ देखिमात्र भएको हो ।

सरकारी तथा गैरसरकारी क्षेत्रबाट हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म यो अभियान सञ्चालन गर्ने गरिन्छ । नेपालको संविधान (२०७२) को धारा ३८ को उपधारा ३ ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख गरेको छ । महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६ कार्यान्वयनमा । लिङ्गका आधारमा महिला तथा बालिकामाथि हुने हिंसा र हत्याका घटनामा बृद्धि हुँदै आएको विभिन्न तथ्याङ्कले देखाएका छन् । मानव अधिकार अनुगमन र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन्२०२३ को नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म इन्सेक अनलाइनमा प्रकाशित महिला तथा बालिकाविरूद्ध भएका हिंसात्मक घटनाहरूका आधारमा यो प्रतिवेदन तयार पारिएको हो ।

| घटनाको प्रकार | घटनाको उपप्रकार | जम्मा |
|---|---|---|
| बाल अधिकार | बेचबिखन | २ |
| | बलात्कार | १३ |
| | यौन दुर्व्यवहार | ४ |
| | **जम्मा** | **१९** |
| हत्या | | ४ |
| महिला अधिकार | बेचबिखन प्रयास | ७ |
| | बलात्कार प्रयास | ५ |
| | घरेलु हिंसा | १३ |
| | बलात्कार | ८ |
| | यौन दुर्व्यवहार | १ |
| | बेचबिखन | ५ |
| | **जम्मा** | **३९** |
| **कूल जम्मा** | | **६२** |

नेपालमा महिलाहरूको अवस्था विगतका वर्षहरूमा भन्दा सकारात्मक हुँदै आएको भए पनि सन्तोषजनक छैन । महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागितामा क्रमशः भएको वृद्धि सकारात्मक छ। तर, विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट महिला तथा लैङ्गिक अल्पसङ्ख्यक पीडित हुँदै आएका छन् । महिला अधिकारको रक्षाका लागि लागु गरिएका कानुनहरूको कार्यान्वयनमा तीनै तहका सरकारको जागरुकता आवश्यक देखिन्छ ।

डा. कुन्दन अर्याल
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org